# नवौं वार्षिक प्रतिवेदन
२०७४/०७५

# 9th Annual Report




"We are to Serve You"


**DOLPHIN** डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.
**Multipurpose Cooperative Ltd.**

Lalitpur-10, Kupondole, Kandevatasthan [MLK Building Ground Floor]
**Phone:** +977-1-5526926, 5180292, **E-mail:** info@dolphincooperative.com.np
**Website:** www.dolphincooperative.com.np

## सल्लाहकार समिति



श्री मत्स्येन्द्र लाल कायस्थ
प्रमुख सल्लाहकार



श्री लक्ष्मी प्रसाद सुवेदी
सल्लाहकार



श्री छायाँराम स्वनाल
सल्लाहकार



श्री शेर बहादुर सम्वाहाम्फे
सल्लाहकार

## संचालक समिति



श्री लक्ष्मी नारायण अर्याल
अध्यक्ष



श्री सत्येन्द पुरूष ढकाल
उपाध्यक्ष



श्री झलक अर्याल (सुशिल)
कार्यकारी सचिव



श्री मदन प्रसाद ज्ञवाली
कोषाध्यक्ष



श्री ओमप्रकाश अग्रवाल
सदस्य



श्री मदन रेग्मी
सदस्य



श्रीमती जुली प्रधानाङ्ग
सदस्य

## लेखा तथा सुपरिवेक्षण समिति



श्री सतिशचन्द्र लाल
संयोजक



श्री बालमुकुन्द विष्ट
सदस्य



श्री तुलसी प्रसाद अर्याल
सदस्य

# साधारण सभाका झलकहरू




















# साधारण सभाका झलकहरू





















# संस्थाले आफ्नै भवन निर्माणको लागि खरिद गरिएको जग्गाधनी पूर्जा

LRIMS

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
मालपोत कार्यालय...............................

जग्गाधनी संकेत नम्बर :

OF000000053

## जग्गाधनी दर्ता प्रमाण पूर्जा

संस्थाको नामः डल्फिन बहुउद्धेश्यीय सहकारी संस्था लि

ठेगानाः जिल्लाः ललितपुर न.पा. / गा. वि. स.: ललितपुर उ.म.न.पा. वार्ड नं.: १०

दर्ता नं.: ६९६।०६६।०६७

जारी गर्नेको कार्यालयः डिभिजन सहकारी कार्यालय , ललितपुर

वेबसाइटः

ईमेलः

दर्ता मिति (वि.स):

संस्थाको छाप प्रमाणित गर्नेको दस्तखत

| सा.कि.नं. / प्रमाण संकेत / कारोबार व्यहोरा | गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट | कित्ता नं. | विवरण (घर,आबादी,इत्यादी) | ज. ध. को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/ व.मि. | कैफियत विवरण | रोक्का गर्ने निकाय | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ललितपुर उ.म.न.पा. | १ १ज | ४२१ | आबादी गुठी रैतानी नम्बरी | एकलौटी | | भित्ता/ पाखो अब्बल | ०-४-१-२ (रोपनी) १३९.०९ | श्री ५ गुठीबाट रैतान | | |
| २४१२०७३७४RL000६२०४ २०७३/११/१८ डल्फिन बहुउद्धेश्यीय सहकारी संस्था लि | ललितपुर उ.म.न.पा. | १ १ज | ४२४ | आबादी गुठी रैतानी नम्बरी | एकलौटी | | भित्ता/ पाखो अब्बल | ०-१०-२-० (रोपनी) ३३३.८० | श्री ५ गुठीबाट रैतान | | |

प्रिन्ट गर्नेको दस्तखत ...............................

प्रिन्ट गर्नेको नाम : सुमन खड्गी

प्रिन्ट मिति :

रुजु गर्नेको दस्तखत ...............................

# नवौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी
# सूचना !

**आदरणीय शेयरधनी सदस्य महानुभावहरू :**

यस **डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.**को मिति २०७५/०४/०९ गते बुधबार बसेको संचालक समितिको १२० औँ वैठकको निर्णय नं. ७०६ अनुसार संस्थाको नवौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरूउपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा यहाँको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु । साथै यस संस्थाको आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन यसैपत्र साथ संलग्न गरि पठाइएको व्यहोरा जानकारी गराउँदछु ।

**साधारण सभा बस्ने स्थान, मिति र समय :**

सभा मिति : २०७५/०५/१६ गते (तदनुसार १ सेप्टेम्बर २०१८) शनिबार
सभा शुरू हुने समय : विहान ८:३० बजे
सभा स्थान : कुपण्डोल ब्याङ्क्वेट्स (सर्वाङ्ग स्वास्थ्य सदन पछाडी), ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

**छलफलको विषय :**

**साधारण प्रस्तावहरू :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको आ.व. २०७४/०७५ को बार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. आर्थिक वर्ष २०७४/०७५ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
३. लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
४. लाभांश वितरण सम्बन्धमा ।
५. चुक्ता शेयर पूँजी एवं शेयर सदस्य बृद्धि सम्बन्धमा ।
६. आ.व. २०७४/०७५ मा संचालक समितिले गरेका निर्णयहरू अनुमोदन सम्बन्धमा ।
७. आ.व. २०७५/०७६ को बार्षिक निति तथा कार्यक्रम एवं अनुमानित बजेट सम्बन्धमा ।
८. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनीधि चयन सम्बन्धमा ।
९. आ.व. २०७५/०७६ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक सम्बन्धमा ।

**विशेष प्रस्ताव :**

१. विनियम संशोधन सम्बन्धमा ।
२. आन्तरिक नियमावली, नीति संशोधन सम्बन्धमा ।

**विविध :**

सचिव

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. सम्पूर्ण शेयरधनी महानुभावहरूलाई संस्थाको बार्षिक साधारण सभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, आर्थिक विवरण, प्रस्ताव लगायत अन्य कागजातहरू शेयरधनी लागतमा कायम रहेको ठेगानामा पठाईएको छ । कारणवश कुनै शेयरधनी महानुभावलाई माथि उल्लेखित कागजात समयमा नै प्राप्त नभएमा संस्थाको कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ वा साधारण सभाबाट पारित भईसकेपछि संस्थाको वेव साईट www.dolphincooperative.com.np मा हेर्न वा डाउनलोड गर्न पनि सक्नु हुने छ ।

२. साधारण सभामा भाग लिन पाल्नुहुने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरू हुनुभन्दा १ घन्टा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका विहान ८:३० बजेदेखि खुल्ला रहनेछ । उक्त पुस्तिकामा आफ्नो पूर्ण परिचय उल्लेख गरिदिनुहुन अनुरोध गरिन्छ ।

३. छलफलको बिषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरूले कुनै बिषय उपर छलफल गर्न चाहनु भएमा सो विषयबारे सभा शुरू हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै संस्थाका सचिव मार्फत यस संस्थाका अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ ।

४. शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रूपले वा सञ्चालक समितिको अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिनुहुनेछ ।

५. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि संस्थाको कार्यालय ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान स्थित सञ्चालक सचिव एवं कार्यकारी प्रमुखको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

६. सहकारी ऐनद्वारा स्थापित यस संस्थाको बार्षिक साधारण सभामा सो ऐन बमोजिम सदस्यको प्रतिनीधि पठाउन पाइने छैन । सदस्य स्वयं नै उपस्थित हुनु पर्ने छ ।

# सहकारी ऐन, २०४८ अनुसारको थप विवरण

**१. संस्थाको सहायक कम्पनी सम्बन्धी विवरण**

संस्थाको हाल सम्म कुनै सहायक कम्पनी नभएको ।

**२. विगत आ.व. मा संस्थाको शेयरधनीहरूले संस्थालाई उपलब्ध गराएको जानकारी**

विगत आ.व. मा संस्थाले सेयर सदस्यहरूसंगबाट संकलन गरेका सुझावहरूलाई सम्भब भएसम्म समेटी आ.व. २०७४/०७५ को प्रतिवेदत तयार पारिएको छ ।

**३. आन्तरिक नियन्त्रण प्रणालीको विस्तृत विवरण**

संस्थाको प्रभावकारी एवं सक्षम आन्तरिक नियन्त्रण प्रणाली रहेको छ । संस्थामा चार्टड एकाउन्टेन्टको नेतृत्वमा संस्थाको लेखा समितिले संस्थाको आन्तरिक लेखापरीक्षण नियमितरूपमा परिक्षण गरी सञ्चालक समितिलाई जानकारी गराएको छ । साथै संस्थामा बाहृय लेखा परीक्षक (चार्टड एकाउन्टेन्ट)ले त्रैमासिकरूपमा संस्थाको लेखा प्रणाली निरिक्षण गरी त्रैमासिक प्रतिवेदन सहित सल्लाह सुझाब एवं जानकारी सञ्चालक समितिलाई दिने गरेको छ ।

**क. कर्जा उपसमितिः**

संस्थाबाट प्रवाह हुने कर्जाको जोखिम ब्यवस्थापन तथा कर्जा प्रवाहमा छिटो छरितोको लागि सञ्चालक समितिले आफूमा भएको अधिकार प्रत्यायोजन गरी कर्जा लगानी तथा ब्यवस्थापनको ज्ञान भएका संचालक समितिका सदस्यहरू मध्येबाट सिभिल ईन्जिनियर एवं विगत ३०-४० बर्ष देखि धितो मुल्याङ्कन पेशा अंगाल्दै आउनुभएका श्री ओम प्रकाश अग्रवालको संयोजकत्वमा ३ जना सञ्चालहरू मध्येको एउटा छुट्टै कर्जा समिति गठन गरेको छ । यस समितिले आवश्यक ठानेमा कर्जा विभागका प्रमुखलाई समेत बैठकमा उपस्थित गराई कर्जाबारे विस्तृत जानकारी दिई वा लिई कर्जा स्वीकृति वा सिफारिस गरी सोको जानकारी सञ्चालक समितिमा गराउने गरेको छ । साथै कर्जाको रकम हेरी संस्थाले तोकेको (Property Valuation Consultancy) वा इन्जिनियर बाट धितो, आम्दानीको श्रोत र कर्जा प्रवाहको मुल्याङ्कन गरी/गराई, कर्जा प्रवाह गरीने गरेको छ ।

**ख. मानव संशाधन उपसमितिः**

संस्थामा आवश्यक कर्मचारीको छनौटको लागि सञ्चालक समितिले आफूमा भएको अधिकार प्रत्यायोजन गरी विगत धेरै बर्ष देखि प्रशासनिक अनुभव रहेका संस्थाका सचिव श्री झलक अर्याल (सुशिल)को संयोजकत्वमा सञ्चालक समिति मध्येबाट ३ जना सम्बन्धित विज्ञ सञ्चालकहरूको एउटा छुट्टै मानब संशाधन समिति गठन गरेको छ । यस समितिले आवश्यक ठानेमा कार्यकारी प्रमुखलाई कर्मचारी छनौट सम्बन्धमा बैठकमा उपस्थित गराई कर्मचारी भर्ना बारे विस्तृत जानकारी सञ्चालक समितिमा गराउने गरेको छ ।

**४. अन्य आवश्यक कुराहरू**

संस्थाले कार्यालयबाट सदस्यहरूलई निम्न सुविधाहरू उपलब्ध गराउँदै आएको छ :

क. रेमिटेन्स सुविधा

ख. टेलिफोन तथा मोवाईलको बिल भुक्तानी सुविधा

ग. मोवाईल बैंकिङ्ग सुविधा

घ. विजुलीको विल तिर्ने सुविधा

**५. समस्या तथा चुनौती**

देशमा भईरहेको राजनैतिक अस्थिरताले गर्दा सम्पूर्ण लगानीकर्ताहरू पर्ख, हेर र गरको नीति अवलम्बन गरेको अवस्था छ । संस्थाले निक्षेप संकलन गरेर विभिन्न क्षेत्रमा लगानी गर्ने नीति लिएको भएतापनि देशको राजनैतिक अस्थिरताले

गर्दा सोचे जस्तो सफलता हासिल गर्न सकिरहेका छैनौं । विभिन्न उद्देश्य लिएर खोलेका हाम्रो जस्ता संस्था विभिन्न कारणले गर्दा बन्द भईरहेको अवस्था छ । सोही परिस्थितिले हाम्रो संस्थामा पनि अप्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । लगानीमा अझ बढी चुनौती रहेकोले, सोही अवस्थालाई मध्येनजर गर्दै समयानुसार संस्थाले पर्ख, हेर र गरको नीति अवलम्बन गरेको छ ।

## ६. संस्थागत सुशासन

संस्थागत सुशासन अभिवृद्धिका लागि चालिएका कदमहरूको विवरण :

क. सञ्चालक समिति, कर्जा तथा जोखिम व्यवस्थापन उपसमिति, मानव संशाधन उपसमिति, लेखापरीक्षण समिति लगायतका विभिन्न समितिहरू क्रियाशील छन् ।

ख. आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न लेखा समितिको बैठक नियमित रूपमा बसी सञ्चालक समिति समक्ष सुझावहरू पेश गरेको छ ।

ग. सञ्चालन जोखिमहरू कम गर्न तथा कारोवारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरू लागू गरिएको छ ।

घ. संस्थामा तरलता व्यवस्थापनको लागि लगानीमा CD Ratio Maximum 90% and CSD Ratio Maximum 80% को Limitation कायम गरिएको छ ।

## ७. जनशक्ति

२०७५ आषाढ मसान्तसम्म संस्थामा जम्मा १२ जना कर्मचारीहरू कार्यरत छन् । यस मध्ये ५ जना महिला कर्मचारीहरू छन् । संस्थाको प्रगति र सफलता संस्थामा कार्यरत जनशक्तिको सीप, ज्ञान, कार्य कुशलता, इमान्दारीता, कर्तव्यनिष्ठता, नैतिकता आदिमा भर पर्दछ भन्ने कुरालाई यस संस्थाले समेत मध्येनजर गर्दै आईरहेकोले कर्मचारीहरूलाई संस्थाको सम्पतिको रूपमा लिन कर्मचारीको मनोवल एवं कार्य दक्षतामा अभिवृद्धि गरी संस्थाको प्रतिफल दर उच्च बनाउन संस्थामा कार्यरत कर्मचारीहरूलाई निरन्तर रूपमा सहकारी/वित्तिय कारोबार सम्बन्धी तालिम आन्तरिक तथा बाह्य बिशेषज्ञबाट दिँदै आईरहेको छ । आगामी दिनहरूमा तालिम कार्यक्रमलाई अझ बढी भन्दा बढी प्रभावकारी रूपमा लागू गर्दै थप कर्मचारीहरूलाई समेत सहभागिता गराई सहकारी क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्दै लैजाने संस्थाको नीति रहेको छ ।

## ८. प्रविधि

संस्थाको कार्यप्रणाली माईको ब्याङ्कर (Micro Banker) बैंकिङ्ग सफ्टवेयरबाट सञ्चालित छ । यो प्रविधिमा समय सापेक्ष सुधार गर्न आवश्यकता र कारोबारको प्रकृति अनुसार परिमार्जित गर्दै लगिएको छ । संस्थाको सूचना प्रविधिको विश्वसनियता र सुरक्षाको लागि बाह्य विशेषज्ञ मार्फत् अध्ययन गराईएको र निजको सुझावहरू सम्भव भएसम्म कार्यान्वयन गराईएको छ । संस्थाको काम छिटो छरीतो र विश्वश्नीयताको लागि विभिन्न उपकरणहरूको प्रयोग गरिएको छ जस्तै Note Counting Machine, Fake Note Detector Machine, Deposit and Cheque Withdraw Printing Printer, Attendance Registration, CC Camera, Mobile SMS Banking, Mobile Banking for Market collection puropose and etc.

## परिचय (INTRODUCTION)

नयाँ नेपालको अवधारणा अनुसार आर्थिक क्षेत्रमा आएको सकारात्मक परिवर्तनलाई आत्मसाथ गर्दै सहकारीको क्षेत्रमा एक भिन्न पहिचान बनाउने लक्ष्य अनुरूप हाम्रो, हजुरहरूको र हामी सबैको **डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.** को स्थापना भएको हो । "We are to Serve You" हामी हजुरहरूको सेवाका निम्ति भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै सहकार्यबाट नै कुनै पनि ब्यक्ति तथा समाजको आर्थिक र सामाजिक बृद्धि विकासमा टेवा पुऱ्याउन सकिन्छ भन्ने लक्ष्य हामीले राखेका छौं । जब कुनै ब्यक्ति तथा समाजको आर्थिक स्तर उच्च हुन्छ तब मात्र एउटा सभ्य सु-संस्कृत अनि सबल समाज निर्माण हुनसक्छ । नेपाल सरकारको सहकारी ऐन २०४८ को अधिनमा रही, छरिएर रहेको निष्कृय पूँजीलाई विभिन्न बचत योजनाको माध्यमद्वारा निक्षेप स्वीकार गरी शैक्षिक, उत्पादनमूलक, आयमूलक, औद्योगिक तथा व्यवसायिक लगायतका विभिन्न क्षेत्रमा लगानी गर्ने यस संस्थाको प्रमुख लक्ष्य हो । यस संस्था स्थानीय कुपण्डोलवासी प्राज्ञिक एवं विशिष्ट व्यक्तिहरूको जमघट एवं व्यवस्थापनबाट व्यवस्थापन रहेको आधुनिक सहकारी संस्था हो ।

## दृष्टिकोण (VISION)

संस्थामा संलग्न सदस्यहरूको आर्थिक एवं सामाजिक विकासमा सहयोग पुऱ्याउने, सदस्य, समाज तथा देशको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउने मुख्य दृष्टिकोण रहेको छ ।

## लक्ष्य (GOAL)

एउटा दरिलो संयन्त्रको निर्माण गरी यस संस्थामा आबद्ध सम्पूर्ण सदस्यहरूलाई आयमूलक, रोजगारमूलक एवं सृजनशील कार्य गर्न उत्प्रेरित गर्ने र न्यून ब्याजदरमा सरल रूपमा ऋण उपलब्ध गराई आर्थिक रूपमा सबल बनाउने लक्ष्य रहेको छ ।

## उद्देश्य (OBJECTIVES)

- आर्थिक निक्षेप योजना बनाई बचत गर्ने बानी बसाल्न सहयोग गर्ने ।
- सहूलियत दरमा सदस्यहरूको आर्थिक तथा सामाजिक विकासको लागि उद्योग व्यापार एवं व्यक्तिगत प्रायोजनमा विभिन्न शीर्षकमा कर्जा उपलब्ध गराउने ।
- सदस्यहरूको सामूहिक रूपमा आर्थिक विकासमा ध्यान दिने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय वित्तिय संस्थाहरूसँग सहकार्य गर्ने ।
- असहाय तथा अपाङ्गहरूलाई आय आर्जनको लागि वित्तिय सहयोग प्रदान गर्ने ।
- महिला, गरीब, सीमान्तकृत, अपाङ्ग, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरूका साथै आम नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिबृद्धि गर्ने ।
- सहकारी प्रबर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रभावकारी प्रतिस्पर्धी एवं गुणस्तरीय बनाउने ।
- सहकारीको निर्दिष्ट मूल्य र सिद्धान्तहरूको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन संस्थाको सुशासन कायम गर्ने ।
- संस्थाको वित्तिय अवस्था सदैव सवल, सक्षम र पारदर्शी राख्ने ।

## नीतिहरू (Policies)

- सहकारीको मूल्य र सिद्धान्तहरूलाई अनुसरण गर्न गराउन सबै शेयर सदस्यहरूलाई अभिप्रेरित गरिने छ ।
- सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन सम्बन्धित सदस्यहरूलाई प्रभावकारी ढंगले परिचालन गरिने छ ।
- सदस्यहरूको चेतना अभिवृद्धि गर्न र व्यवस्थापन क्षमता बढाउन सहकारी शिक्षा र तालिमलाई अनिवार्य गरिदै लगिने छ ।
- संस्थाका सदस्यहरूलाई संस्थाको माध्यमबाट एकजुट गराई उद्योग व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- आर्थिक विकासका सम्भावित क्षेत्रहरूमा सहकारी उद्योग व्यवसायको विस्तार एवं विविधिकरणलाई प्रोत्साहन गरिने छ ।
- रोजगारी सिर्जना, उत्पादनमा बृद्धि, स्थानीय सम्भाव्यताको उपयोग, सेवा प्रवाहमा गुणस्तरीयता एवं उत्पादनको मूल्य अभिबृद्धिमा योगदान पुऱ्याउने सहकारी उद्योगहरूको स्थापना र क्षमता अभिबृद्धिको कार्यमा सहयोगका कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- सहकारी उद्योग व्यवसायहरूको समग्र व्यवस्थापनलाई प्रभावकारी बनाउन सूचना प्रविधिको उपयोगमा विशेष जोड दिइने छ ।
- संस्थाका पदाधिकारी, व्यवस्थापक र कर्मचारीहरूको गुणस्तर र क्षमता अभिवृद्धिमा विशेष जोड दिइने छ ।
- संस्थाको व्यवस्थापनलाई विधि र प्रक्रियामा आधारित बनाई सहभागिता, पारदर्शिता र जवाफदेहितालाई व्यवहारमा सूनिश्चित गर्ने व्यवस्था मिलाइने छ ।

## रणनीति तथा कार्यनीतिहरू (Strategies & working policies)

- सदस्यहरूलाई समय अनुसार सुचना प्रविधिको माध्यमबाट संस्थामा पहुँच पुऱ्याउने ।
- संस्थालाई अर्थतन्त्रको एउटा सवल स्तम्भको रूपमा स्थापित गर्न उत्पादन तथा सेवामूलक वित्तीय सुविधा उपलब्ध गराइने छ ।
- संस्थामा आवद्ध विपन्न महिला, सीमान्तकृत, गरिब समुदाय, अपाङ्ग, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकहरूलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने व्यवसायिक तथा सीपमूलक तालिमहरू प्रदान गर्ने व्यवस्था मिलाइने छ ।
- सहकारी प्रबर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रतिस्पर्धी एवं गुणस्तरीय बनाउने नीतिहरूलाई कार्यान्वियनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिने छ ।
- सहकारीको निर्दिष्ट मूल्य र सिद्धान्तहरूको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन मार्फत सुशासन कायम गर्ने सम्बन्धमा अंगीकार गरिने नीतिहरूलाई कार्यन्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिने छ ।
- संस्थाको विकास, विस्तार र प्रवर्द्धनमा साझेदारहरूको सहभागिता एवं सहयोग लाई समन्वयात्मक ढंगले परिचालन गरिने छ ।
- संस्था प्रभावकारी ढंगले परिचालन गर्न अल्पकालिन र दिर्घकालिन योजना निर्माण संस्थाको विकास, विस्तार र प्रबर्द्धन गरिने छ ।

## संस्थागत संरचना

साधारण सभा

## संचालक समिति

यस संस्थामा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरू सहित ७ सदस्यीय संचालक समिति रहेको छ । संस्था संचालनको सम्पूर्ण कार्य संचालक समिति र कार्यकारी प्रमुखमा निहित रहने छ ।

| | |
|---|---|
| श्री लक्ष्मी नारायण अर्याल | अध्यक्ष |
| श्री सत्येन्द्र पुरूष ढकाल | उपाध्यक्ष |
| श्री झलक अर्याल (सुशिल) | सचिव |
| श्री मदन ज्ञवाली | कोषाध्यक्ष |
| श्री ओम प्रकाश अग्रवाल | संचालक |
| श्रीमती जुलि प्रधानाङ्ग | संचालक |
| श्री मदन रेग्मी | संचालक |

## लेखा तथा सुपरिवेक्षण समिति

लेखा तथा सुपरिवेक्षण समितिले प्रत्येक ३-३ महिनाको अन्त्यमा संस्थाको लेखा परिक्षण गरी संचालक समिति समक्ष पेश गर्ने छ ।

| | |
|---|---|
| श्री सतिशचन्द्र लाल | संयोजक |
| श्री बालमुकुन्द विष्ट | सदस्य |
| श्री तुलसी प्रसाद अर्याल | सदस्य |

## सल्लाहकार समिति

संस्थाले गर्न लागेका काम कारवाहीका सम्बन्धमा वा अन्य विभिन्न किसिमका आवश्यक सल्लाह सुझाव संचालक समिति समक्ष पेश गर्ने छ ।

| | |
|---|---|
| मत्स्येन्द्र लाल कायस्थ | प्रमुख सल्लाहकार |
| लक्ष्मी प्रसाद सुवेदी | सल्लाहकार |
| छायाराम खनाल | सल्लाहकार |
| शेर बहादुर सम्बहाम्फे | सल्लाहकार |

## प्रतिबद्धता

सहकारी ऐन २०४८ अन्तर्गत रही नेपाल सरकारको नीति तथा नियमलाई पालना गर्दै मानव संसाधन र प्रविधिलाई अधिकतम प्रयोग गर्दै पूर्णरूपले प्रतिबद्ध हुनेछौं । साथै आफ्ना सदस्य र कर्मचारीहरू प्रति समान भाव प्रकट गर्दै छरिएर रहेका स-साना पूँजी लाई एकिकृत गरि सबैमा भविष्यको लागि बचत गर्ने बानी बसाली आर्थिक रूपमा सबल नागरिक बन्न हरदम प्रेरित गरी नै रहने छौं । सहकारीहरूको भीडमा सबल सक्षम र उत्कृष्ट सेवा प्रदान गर्दै एउटा असल सहकारीको नमूना बन्दै २१ औं शताब्दी अनुसारको आर्थिक विकासमा टेवा पुऱ्याउने प्रण गर्दछौं ।

# विषय सूची

| | | पेज नं. |
|---|---|---|
| १. | सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन | १ |
| २. | संस्था सुरू देखी हाल सम्मको कारोबारको संक्षिप्त विवरण | ३ |
| ३. | संस्थाले आ.व. २०७४/०७५ को लागि लिएको लक्ष्य एवं उपलब्धिको पुनरावलोकन | ६ |
| ४. | आ.व. २०७४/०७५ को लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम र सो सम्बन्धि विवरण | ९ |
| ५. | संस्थाले लिएको भावी योजनाहरू | १० |
| ६. | सञ्चालक समितिका कोषाध्यक्षको आर्थिक प्रतिवेदन | ११ |
| ७. | संस्थाले आ.व. २०७५/०७६ को लागि लिएको वार्षिक लक्ष्य एवं बजेट र सो सम्बन्धी विवरण | ११ |
| ८. | आ.व. २०७४/०७५ को लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन | १५ |
| ९. | कार्यकारी प्रमुखको आर्थिक प्रतिवेदन | १७ |
| १०. | आ.व. २०७४/०७५ को लेखापरीक्षकको प्रतिवेदन | २० |
| ११. | आ.व. २०७४/०७५ को वासलात विवरण (२०७५ असार मसान्त सम्म) | २१ |
| १२. | मिति २०७४/०४/०१ देखि २०७५ आषाढ ३२ गते सम्मको आय-व्यय विवरण | २२ |
| १३. | मिति २०७४/०४/०१ देखि २०७५ आषाढ ३२ गते सम्मको आय व्यय बाँडफाँड हिसाब | २३ |
| १४. | मिति २०७४/०४/०१ देखि २०७५ आषाढ ३२ गते सम्मको नगद प्रवाह विवरण | २४ |
| १५. | इक्वीटीमा भएको परिर्वतन सम्बन्धि विवरण | २५ |
| १६. | २०७५ आषाढ ३२ गते सम्मको आर्थिक विवरण सँग सम्बन्धित अनुसूचीहरू | २६ |
| १७. | संस्थाको स्थिर सम्पत्ति र ह्रास कट्टी विवरण | २८ |
| १८. | अनुसूची ५ अनुसार आय विवरण | ३१ |
| १९. | दफा १९ बमोजिम कट्टी हुने ह्रासकट्टी खर्चको विवरण | ३२ |
| २०. | पर्लस् प्रतिवेदन (२०७५ आषाढ मसान्तसम्मको) | ३३ |
| २१. | प्रमुख लेखा नीतिहरू र लेखा सम्बन्धी टिप्पणीहरू | ३४ |
| २२. | नोट .... | |

# सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको
# आ.ब. २०७४/०७५ को वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू, एवं उपस्थित प्रमुख अतिथि, विशेष अतिथि लगायत सम्पूर्ण अतिथि ज्यूहरू,

डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको **नवौं वार्षिक साधारण सभामा** भाग लिन उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन ब्यक्त गर्दछु । यहाँहरूको उपस्थितिबाट संस्थाले पाउने सुझाव, सहयोग र सद्भावले भावी कार्य योजना तथा लक्ष्य प्राप्तिमा थप टेवा पुग्नेछ भन्ने हामी सबैले विश्वास लिएका छौं ।

आज यहाँहरू समक्ष २०७५ साल आषाढ मसान्तसम्मको संस्थाको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरू छलफल तथा स्वीकृतिको निमित्त पेश गर्दै, सस्थाले आ.ब. २०७४/०७५ मा गरेका उपलब्धि तथा कार्यनीति र आगामी बर्षमा गरिने कार्य योजनाहरू प्रस्तुत गर्न यहाँहरूबाट अनुमति चाहन्छु ।

## आ.ब. २०७३/०७४ र २०७४/०७५ को कारोबारको सिंहावलोकनः

आर्थिक बर्ष २०७३/०७४ र २०७४/०७५ मा संस्थाको मुख्य वित्तिय सूचकाङ्कहरू देहाय अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | आ.व. २०७३/०७४ मा कुल | आ.व. २०७४/०७५ मा भएको वृद्धि रकम | आ.व. २०७४/०७५ मा वृद्धि % | आ.व. २०७४/०७५ मा कुल |
|---|---|---|---|---|---|
| १ | चुक्ता पूँजी | ५३,२८४,000.00 | २,३०१,९00.00 | ४% | ५५,५८५,९00.00 |
| २ | निक्षेप (बचत) संकलन | ५८२,५४३,९८९.७५ | १३६,५०४,७०३.८७ | २३% | ७१९,०४८,६९३.६२ |
| ३ | कर्जा लगानी (खुद) | ४७३,१७०,५६८.४० | १३५,५५२,४०१.७८ | २९% | ६०८,७२२,९७०.१८ |
| ४ | कूल आम्दानी | ८१,७९६,१९०.८१ | ३३,५५६,२२१.१५ | ४१% | ११५,३५२,४११.९६ |
| ५ | कूल खर्च | ५२,३४२,६६९.९० | ३०,७४५,०९०.५६ | ५९% | ८३,०८७,७६०.४६ |
| ६ | खुद मुनाफा (कर अघि) | २९,४५३,५२०.९१ | २,८११,१३०.५९ | १०% | ३२,२६४,६५१.५० |
| ७ | डुबन्त ऋण कोष व्यवस्था | ६,९२३,८१२.३२ | १,६१४,३२६.६५ | २३% | ८,५३८,१३८.९७ |
| ८ | कर्मचारी बोनस व्यवस्था | १,८८४,५१४.४४ | २६१,००८.०३ | १४% | २,१४५,५२२.४७ |
| ९ | आयकर व्यवस्था | ४,९६६,८५१.५६ | ७६४,२९६.३७ | १५% | ५,७३१,१४७.९३ |
| १० | खुद मुनाफा (कर, डुवन्त ऋण, र कर्मचारी वोनस पछि) | १९,५३१,६५९.५० | ३,११३,१९२.०४ | १६% | २२,६४४,८५१.५४ |
| ११ | जगेडा कोष | १८,०८३,०८३.५८ | ५,६६१,२१२.८८ | ३१% | २३,७४४,२९६.४६ |
| १२ | वितरण योग्य मुनाफा | १४,६४८,७४४.६३ | २,२४९,९७५.८३ | १५% | १६,८९८,७२०.४६ |
| १३ | शेयर लाभांश कोष | ७,९९२,६००.०० | २,०१२,८६२.०० | २५% | १०,००५,४६२.०० |
| १४ | अन्य कोषहरू (सहकारी शिक्ष, विकास र संस्थ विकास) | १,०८१,२७६.६३ | ५८५,९४९.७९ | ५४% | १,७५७,२२५.४४ |
| १५ | सहकारी प्रर्बद्धन कोष | | | | ८४,९१८.१९ |
| १६ | भवन निर्माण कोष | | | | ६,०७०,१९४.८४ |
| १७ | संरक्षित पूँजी विर्ता कोष | ६,०७०,१९४.८४ | ६,२१७,३०९.६५ | १०२% | ६,२१७,३०९.६५ |
| **१८** | **विविध कोषमा रहेको कूल रकम** | **३२,३५२,१०९.८२** | **१४,०५९,९७३.७३** | **४३%** | **४६,४१२,०८३.५५** |

**आ.ब. २०७३/०७४ र २०७४/०७५ को कारोबारको चित्राङ्कनः**




माथि उल्लेखित सूचकाङ्कहरू विश्लेषण गर्दा स्थापनाको आठौं बर्षमा नै संस्थाले गरेको उल्लेखनिय प्रगति बारे यहाँहरूलाई अवगत गराउन पाउँदा मलाई खुशी लागेको छ । विगत बर्ष देखि नै बैंकिङ्ग क्षेत्रमा अधिक तरलताको अवस्था श्रृजना भएतापनि संस्थाले गरेको अथक प्रयासको फलस्वरूप निक्षेप संकलनमा आएको समस्या तथा कर्जा क्षेत्रको संकुचनका बाबजुत  कर्जा लगानी तर्फ पनि उल्लेख्य मात्रामा बृद्धि भएको छ । खुद मुनाफामा पनि उल्लेख्य मात्रामा वृदि गर्न सफल भएको र हाल सम्म कुनै निष्क्रिय कर्जा रहेको देखिदैन । साथै छोटो समयमा नै ललितपुर जिल्लामा आफ्नो अग्र स्थानमा पहिचान बनाउन सफल भएको छ । आदरणीय शेयरधनी महानुभावहरू, यहाँहरूको सहकारी संस्थाले आफ्नो ब्यवसायिक कार्य कुशलता, लगनशीलता र विश्वसनियता कायम गर्न सफल भएकै कारण स्थानीय प्रतिष्ठित ब्यक्तिहरूबाट अझ बढी हौसला मिलेको छ ।

सहकारी क्षेत्रमा विद्यमान प्रचलन अनुसार लेखापरीक्षण गरी सञ्चालक समितिबाट १८% नगद लाभांश वितरण गर्न साधारण सभामा स्वीकृतिको लागि पेश गर्न प्रस्ताव गरेको छ ।

**संस्थाको औद्योगिक तथा व्यवसायिक सम्बन्ध**

संस्थाले आफ्ना सदस्यहरू, नियमनकर्ता, आफूसँग सम्बन्धित सबै पक्षहरू र सबै तहका कर्मचारीहरू बीच सौहार्द पूर्ण सामञ्जस्यता तथा ब्यवसायिक सम्बन्ध कायम राख्दै आईरहेको छ । अनुभवी तथा ब्यवसायिक दक्ष तथा विज्ञहरूको सल्लाह एंव सुझावका आधारमा संस्थाले स्वच्छ प्रतिस्पर्धा, ब्यवसायिकता तथा आपसी हितको सिद्धान्तमा आधारित नीति अवलम्बन गर्दै छिटो छरितो तरिकाले सदस्यमुखी सेवाहरू सदस्यहरूमाझ उपलब्ध गराउँदै आईरहेको छ । साथै यस सम्बन्धलाई अझ सुमधुर बनाउन संस्था निरन्तर प्रयासरत छ ।

### संस्थाको कारोबारलाई असर पार्ने मुख्य कुराहरू :

१. लामो समय देखि देशमा रहिरहेको राजनैतिक अस्थिरता
२. कर्जा तथा लगानीको दायरा साँघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरू,
३. निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तनबाट उत्पन्न हुने जोखिमहरू,
४. पूँजी बजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरू,
५. सहकारी संस्थाको केही सिमित कार्यक्षेत्र,
६. उत्पादनशील क्षेत्रको विकासमा भएको शिथिलता,
७. सहकारीको लगानीमा देखिएको कानूनी उल्भmनहरू,
८. हाल सहकारी क्षेत्रमा देखिएका समस्याहरू

### प्रतिवेदन तयार भएको मितिसम्म संस्थाको कार्यविधि र चालु बर्षको उपलब्धिः

सहकारीको उद्देश्य अनुरूप यसले आधुनिक सुविधा सम्पन्न वित्तिय कारोबार गर्दै आफ्नो कारोबार क्षेत्र तथा सदस्य संख्यामा बृद्धि गर्नुका साथै संस्थाको कार्यक्षेत्र विस्तार गर्नका लागि शेयर पूँजी बृद्धि गरी संस्थाको आर्थिक अवस्थालाई अभm मजबुत पारिएको छ ।

संस्थाले सदस्यहरूलाई आकर्षित गर्न विभिन्न प्रकारका निक्षेप एवं ऋण लगानीका योजनाहरू ल्याएको छ । संस्थाले आफ्ना आदरणीय शेयरधनी महानुभावहरूको लागि डल्फिन कारोबार बचत खाता एवं डल्फिन स्पेशल बचत तथा अन्य विभिन्न आबधिक बचत खाता सञ्चालन गरेको छ र सोही खातामा शेयरधनी लाभांश जम्मा गरिने छ । संस्थाले सदस्यहरूको लागि आईतबार देखि शुक्रबार सम्म विहान १०:०० वजे देखि बेलुका ५:०० बजे सम्म कारोवार सेवा उपलव्ध गराउँदै आईरहेको छ ।

### संस्था सुरू देखि हाल सम्म भएको कारोबारको संक्षिप्त विवरणः

| क्र. सं. | विवरण | आ.व. २०६६/०६७ | आ.व. २०६७/०६८ | आ.व. २०६८/०६९ | आ.व. २०६९/०७० | आ.व. २०७०/०७१ | आ.व. २०७१/०७२ | आ.व. २०७२/०७३ | आ.व. २०७३/०७४ | आ.व. २०७४/०७५ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चुक्ता पूँजी | १३,२५३,000.00 | १६,८७४,000.00 | २०,९८५,000.00 | २१,६३२,२00.00 | २३,५२७,३00.00 | ४५,३९८,६00.00 | ५१,0५३,४00.00 | ५३,२८४,000.00 | ५५,५८५,९00.00 |
| २ | निक्षेप संकलन | ३,५९७,८५0.२२ | ४९,३२७,२५३.२५ | ९४,६९२,५८१.0३ | १३२,९८७,११0.२0 | २२७,१0९,२७१.0६ | ३३0,८६३,९६१.३२ | ४५५,0२0,२५९.४९ | ५८२,५४३,९८९.७५ | ७१९,0४८,६९३.६२ |
| ३ | कर्जा लगानी (खुद) | १३,0२२,९३७.४७ | ३४,४६३,५७३.९५ | ६७,१८४,0९१.0२ | ११७,0९९,५७८.६0 | १६१,३३४,३९४.९६ | २४0,२४७,२२९.३४ | ३८१,१८५,३८४.५६ | ४७३,१७0,५६८.४0 | ६0८,७२२,९७0.१८ |
| ४ | कूल आम्दानी | ४२३,३८५.१३ | ७,१४९,00१.९६ | १५,७३५,४७२.९३ | २१,३0२,५४८.६१ | ३0,३४0,0५२.३६ | ४२,३७९,४५१.२२ | ५६,६६८,९५६.0८ | ८१,७९६,१९0.८१ | ११५,३५२,४११.९६ |
| ५ | कूल खर्च | ४0८,३४२.७0 | ५,४७२,५२३.२५ | १२,0४२,७0६.८0 | १४,७७८,३४३.३४ | २0,८२४,0३0.३0 | ३0,३१७,९५0.८८ | ३७,३२६,२३0.२२ | ५२,३४२,६६९.९0 | ८३,0८७,७६0.४६ |
| ६ | खुद मुनाफा (कर अघि) | १५,0४२.४३ | १,६७६,४७८.७१ | ३,६९२,७६६.१३ | ६,५२४,२0४.२७ | ९,५१६,0२२.0६ | १२,0६१,५00.३४ | १९,८८७,४४१.३१ | २९,४५३,५२0.९१ | ३२,२६४,६५१.५0 |
| ७ | डुबन्त ऋण कोष व्यवस्था | १,८0५.0९ | ६,७0५.९२ | १४,७७१.00 | ३२६,८६२.0३ | १,७४२,0५८.२३ | २,६४२,५४४.७१ | ४,३९१,९२६.२६ | ६,९२३,८१२.३२ | ८,५३८,१३८.९७ |
| ८ | कर्मचारी बोनस व्यवस्था | १,२0३.३९ | ६७,0५९.१५ | १४७,७१0.६५ | ३0३,५७९.९६ | ६१८,५४१.४३ | ७८१,२७0.९७ | १,२३१,५३४.१0 | १,८८४,५१४.४४ | २,१४५,५२२.४७ |
| ९ | आयकर व्यवस्था | ३,00८.४९ | ३३५,२९५.७६ | ७३८,५५३.२३ | १,२00,0६७.0५ | १,७२१,१५९.९९ | १,७१६,७0४.५२ | २,८५९,४८६.६२ | ४,९६६,८५१.५६ | ५,७३१,१४७.९३ |
| १० | खुद मुनाफा (कर पछि) | १२,0३३.९४ | १,३४१,१८२.९६ | २,९५४,२१२.९0 | ५,३२४,१३८.२२ | ७,७९४,८६२.0७ | ८,६६३,0३८.३७ | १३,५0२,३२३.५९ | १९,५३१,६५९.५0 | २२,६४४,८५१.५४ |
| ११ | जगेडा कोष | ३,00८.४९ | ३३८,३0४.२२ | १,0७६,८५७.४४ | २,४0७,८९२.00 | ४,४९५,६४५.८७ | ६,६६१,४0५.४६ | १0,0३६,९८६.३६ | १८,0८३,0८३.५८ | २३,७४४,२९६.४६ |
| १२ | वितरण योग्य मुनाफा | | | | | ३,८१२,४0९.00 | ६,४९७,२७८.७८ | १0,१२६,७४२.६९ | १४,६४८,७४४.६३ | १६,८९८,७२0.४६ |
| १३ | शेयर लाभामंस कोष | ३,00८.४९ | ९१८,७१0.३२ | २,0२३,६३५.८४ | ३,२४४,८३0.00 | ३,५२९,१0७.00 | ५,९७८,९९५.६२ | ७,0८८,७१९.८८ | ७,९९२,६00.00 | १0,00५,४६२.00 |
| १४ | अन्य कोषहरू (सहकारी शिक्षा, विकास र संस्था विकास) | ३,00८.४८ | १३,४११.८४ | २९,५४२.१२ | ५३,२४१.३८ | ७७,९६८.६२ | १९३,४१९.२0 | ४९७,३२६.९१ | १,0८१,२७६.६३ | १,७५७,२२५.४४ |
| १५ | सहकारी प्रर्बद्धन कोष | | | | | | | | | ८४,९१८.१९ |
| १६ | भवन निर्माण कोष | | | | | | | | | ६,0७0,१९४.८४ |
| १७ | संरक्षित पूंजी फिर्ता कोष | - | - | - | - | २0५,३६५.३0 | ५३0,२२९.२४ | ३,१६३,१८२.३४ | ६,0७0,१९४.८४ | ६,२१७,३0९.६५ |
| १८ | विविध संचित कोषमा रहेको कुल रकम व्यवस्था | ७,८२२.0६ | ३५८,४२१.९८ | १,१२१,१७0.५६ | २,७८७,९९५.४१ | ६,५२१,0३८.0२ | १0,0२७,५९८.६१ | १८,0८९,४२१.८७ | ३२,३५२,१0९.८२ | ४६,४१२,0८३.५५ |

## संस्थाको सुरू देखि हाल सम्म भएको कारोबारको चित्राङ्कनः

























आयकर व्यवस्था
३,००८.४१
३३५,२९५.७६
७३८,५५३.२३
१,२००,०६७.०५
१,७२१,१५९.९९
१,७१६,७०४.५२
२,८५१,४८६.६२
४,९६६,८५१.५६
५,७३१,१४७.९३
आ.ब. २०६६/०६७
आ.ब. २०६७/०६८
आ.ब. २०६८/०६९
आ.ब. २०६९/०७०
आ. ब. २०७०/०७१
आ. ब. २०७१/०७२
आ. ब. २०७२/०७३
आ. ब. २०७३/०७४
आ. ब. २०७४/०७५


खुद मुनाफा (कर पछि)
१२,०३३.९४
१,३४१,१८२.९६
२,९५४,२१२.९०
५,३२४,१३८.२२
७,७९४,८६२.०७
८,६६३,०३८.३
१३,५०२,३२३.५९
१९,५३१,६५९.५०
२२,६४४,८५१.५४
आ.ब. २०६६/०६७
आ.ब. २०६७/०६८
आ.ब. २०६८/०६९
आ.ब. २०६९/०७०
आ. ब. २०७०/०७१
आ. ब. २०७१/०७२
आ. ब. २०७२/०७३
आ. ब. २०७३/०७४
आ. ब. २०७४/०७५


जगेडा कोष
३,००८.४१
३३८,३०४.२२
१,०७६,८५७.४४
२,४०७,८९२.००
४,४९५,६४५.८७
६,६६१,४०५.४६
१०,०३६,९८६.३६
१८,०८३,०८३.५८
२३,७४४,२९६.४६
आ.ब. २०६६/०६७
आ.ब. २०६७/०६८
आ.ब. २०६८/०६९
आ.ब. २०६९/०७०
आ. ब. २०७०/०७१
आ. ब. २०७१/०७२
आ. ब. २०७२/०७३
आ. ब. २०७३/०७४
आ. ब. २०७४/०७५


वितरण योग्य मुनाफा
३,८१२,४०९.००
६,४९७,२७८.७८
१०,१२६,७४२.६९
१४,६४८,७४४.६३
१६,८९८,७२०.४६
आ.ब. २०६६/०६७
आ.ब. २०६७/०६८
आ.ब. २०६८/०६९
आ.ब. २०६९/०७०
आ. ब. २०७०/०७१
आ. ब. २०७१/०७२
आ. ब. २०७२/०७३
आ. ब. २०७३/०७४
आ. ब. २०७४/०७५


शेयर लाभांस कोष
३,००८.४१
९१८,७१०.३२
२,०२३,६३५.८४
३,२४४,८३०.००
३,५२९,१०७.००
५,९७८,९९५.६२
७,०८८,७१९.८८
७,९९२,६००.००
१०,००५,४६२.००
आ.ब. २०६६/०६७
आ.ब. २०६७/०६८
आ.ब. २०६८/०६९
आ.ब. २०६९/०७०
आ. ब. २०७०/०७१
आ. ब. २०७१/०७२
आ. ब. २०७२/०७३
आ. ब. २०७३/०७४
आ. ब. २०७४/०७५


अन्य कोषहरु (सहकारी शिक्षा, विकास र संस्था विकास)
३,००८.४८
१३,४११.८४
२९,५४२.१२
५३,२४१.३८
७७,९६८.६२
१९३,४१९.२०
४९७,३२६.९१
१,०८१,२७६.६३
१,७५७,२२५.४४
आ.ब. २०६६/०६७
आ.ब. २०६७/०६८
आ.ब. २०६८/०६९
आ.ब. २०६९/०७०
आ. ब. २०७०/०७१
आ. ब. २०७१/०७२
आ. ब. २०७२/०७३
आ. ब. २०७३/०७४
आ. ब. २०७४/०७५


संरक्षित पूँजी फिर्ता कोष
-
-
-
-
२०५,३६५.३०
५३०,२२९.२४
३,१६३,१८२.३४
६,०७०,१९४.८४
६,२१७,३०९.६५
आ.ब. २०६६/०६७
आ.ब. २०६७/०६८
आ.ब. २०६८/०६९
आ.ब. २०६९/०७०
आ. ब. २०७०/०७१
आ. ब. २०७१/०७२
आ. ब. २०७२/०७३
आ. ब. २०७३/०७४
आ. ब. २०७४/०७५


विविध संचित कोषमा रहेको कुल रकम
७,८२२.०६
३५८,४२१.९८
१,१२१,१७०.५६
२,७८७,९९५.४१
६,५२१,०३८.०२
१०,०२७,५९८.६१
१८,०८९,४२१.८७
३२,३५२,१०९.८२
४६,४१२,०८३.५५
आ.ब. २०६६/०६७
आ.ब. २०६७/०६८
आ.ब. २०६८/०६९
आ.ब. २०६९/०७०
आ. ब. २०७०/०७१
आ. ब. २०७१/०७२
आ. ब. २०७२/०७३
आ. ब. २०७३/०७४
आ. ब. २०७४/०७५







## संस्थाले आ.व. २०७४/०७५ को लागि लिएको लक्ष्य एवं उपलब्धिको पुनरावलोकनः

| क्र.सं. | विवरण | आ.व. २०७३/०७४ | आ.व. २०७४/०७५ | | उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि | |
| १ | चुक्ता पूँजी | ५३,२८४,000.00 | ५४,७८४,000.00 | ५५,५८५,९00.00 | १०१% |
| २ | निक्षेप संकलन | ५८२,५४३,९८९.७५ | ६७२,५४३,९८९.७५ | ७१९,०४८,६९३.६२ | १०७% |
| ३ | कर्जा लगानी (खुद) | ४७३,१७०,५६८.४० | ५८३,१७०,५६८.४० | ६०८,७२२,९७०.१८ | १०४.३८% |
| ४ | कूल आम्दानी | ८१,७९६,११०.८१ | ११९,५३०,५९१.६१ | ११५,३५२,४११.९६ | ९७% |
| ५ | कूल खर्च | ५२,३४२,६६९.९० | ८५९०९२७५.८७ | ८३,०८७,७६०.४६ | ९७% |
| ६ | खुद मुनाफा (कर अघि) | २९,४५३,५२०.९१ | ३३,६२१,३१५.७३ | ३२,२६४,६५१.५० | ९६% |
| ७ | डुबन्त ऋण कोष व्यवस्था | ६,९२३,८१२.३२ | ८,२६८,६६४.९५ | ८,५३८,१३८.९७ | १०३% |
| ८ | कर्मचारी बोनस व्यवस्था | १,८८४,५१४.४४ | २,३५३,४९२.१० | २,१४५,५२२.४७ | ९१% |
| ९ | आयकर व्यवस्था | ४,९६६,८५१.५६ | ५,९८४,५९४.२० | ५,७३१,१४७.९३ | ९६% |
| १० | खुद मुनाफा (कर पछि) | १९,५३१,६५९.५० | २३,९३८,३७६.८० | २२,६४४,८५१.५४ | ९५% |
| ११ | जगेडा कोष | १८,०८३,०८३.५८ | २४,०६७,६७७.७८ | २३,७४४,२९६.४६ | १३१% |
| १२ | वितरण योग्य मुनाफा | १४,६४८,७४४.६३ | १७,९५३,७८२.६० | १६,८९८,७२०.४६ | १११% |
| १३ | शेयर लाभांश कोष | ७,९९२,६00.00 | ८,४३८,२७७.८२ | १०,००५,४६२.00 | ११२% |
| १४ | अन्य कोषहरू (सहकारी शिक्षा, विकास र संस्था विकास) | १,०८१,२७६.६३ | १,७९९,४२७.९३ | १,७५७,२२५.४४ | ९७.६५% |
| १५ | सहकारी प्रर्बद्धन कोष | | | ८४,९१८.१९ | |
| १६ | भवन निर्माण कोष | | | ६,०७०,१९४.८४ | |
| १७ | संरक्षित पूँजी फिर्ता कोष | ६,०७०,१९४.८४ | १४,८६७,५४८.३१ | १२,२८७,५०४.४९ | ८३% |
| १८ | विविध कोषमा कुल रकम व्यवस्था | ३२,३५२,१०९.८२ | ४९,१९७,०६१.४३ | ४६,४१२,०८३.५५ | ९४% |
| | | | | औषत | ९८% |

संस्थाले आ.ब. २०७४/०७५ को लागि लिएको लक्ष्य एवं उपलब्धिको पुनरावलोकन गर्दा संस्थाले लिएको लक्ष्य प्राप्ति सन्तोषजनक रहेको छ ।

## संस्थाले आ.ब. २०७४/०७५ मा लिएको लक्ष्य अनुसारको ग्राफ चित्रः

चुक्ता पूँजी




निक्षेप संकलन




कर्जा लगानी (खुद)




कुल आम्दानी




कुल खर्च




खुद मुनाफा (कर अघि)




डुबन्त ऋण कोष व्यवस्था




कर्मचारी बोनस व्यवस्था



### आयकर व्यवस्था




### खुद मुनाफा (कर पछि)




### जगेडा कोष




### वितरण योग्य मुनाफा




### शेयर लाभांस कोष




### अन्य कोषहरु (सहकारी शिक्षा, विकास र संस्था विकास)




### संरक्षित पूँजी फिर्ता कोष




### विविध संचित कोषमा रहेको कुल रकम




### सहकारी प्रबर्द्धन कोष




### भवन निर्माण कोष



**आ.व. २०७४/०७५ को लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको रकम र सो सम्बन्धी विवरण :**

संस्थाले आ.व. २०७४/०७५ मा रू. ३,२२,६४,६५१.५० (अक्षरूपी तीन करोड बाईस लाख चौंसठ्ठी हजार छ सय एकाउन्न र पचास पैसा मात्र) कुल मुनाफा भएकोमा विभिन्न कोषमा बाँडफाँड गरी १८% नगद शेयर लाभांश वितरण गर्नको लागि प्रस्ताव गरिएको छ । शेयर लाभांश शेयर सदस्यहरूको बचत खातामा ५% TDS कट्टा गरी जम्मा गरिने छ ।

**आ.व. २०७४/०७५ को कुल मुनाफा र कोष बाडफाँडको विवरणः**

संस्थाले आ.व. २०७४/०७५ मा गरेको कुल मुनाफाबाट निम्नानुसारका कोषहरूमा निम्नानुसार रकम बाँडफाँड गरिएको छ ।

**कोष बाँडफाँड आ.ब. २०७४/०७५**

| क्र.स. | | रकम | | | |
|---|---|---|---|---|---|
| १ | **कूल मूनाफा** | **३२,२६४,६५१.५०** | कोषहरु | प्रतिशत | रकम |
| | | | डुवन्त ऋण कोष व्यवस्था | ५.००% | १,६१४,३२६.६५ |
| | | | | **कूल** | **१,६१४,३२६.६५** |
| | **सञ्चालन मूनाफा** | **३०,६५०,३२४.८५** | | | |
| | | | कर्मचारी बोनस कोष व्यवस्था | ६.६५% | २,१४५,५२२.४७ |
| | | | आय कर व्यवस्था | १७.७६% | ५,७३१,१४७.९३ |
| | | | | **कूल** | **७,८७६,६७०.४०** |
| | | | गत वर्षको आयकर मिलान | | १२८,८०२.६४ |
| | | | | **कूल** | **१२८,८०२.६४** |
| क्र.स. | | रकम | | | |
| २. | **आयकर पछिको खुद मूनाफा** | **२२,६४४,८५१.८१** | | प्रतिशत | रकम |
| | | | जगेडा कोष | २५.००% | ५,६६१,२१२.९५ |
| | | | सहकारी प्रबर्द्धन कोष | ०.५०% | ८४,९१८.१९ |
| | | | | **कूल** | **५,७४६,१३१.१५** |
| क्र.स. | | रकम | | | |
| ३. | **वितरण योग्य मूनाफा** | **१६,८९८,७२०.६६** | वितरण योग्य रकमलाई १००% मानी विभिन्न कोषमा वितरण गरिएको रकमको विवरण | | |
| | | | विवरण | प्रतिशत | रकम |
| | | | शेयर लाभांश कोष | ५९.२१% | १०,००५,४६२.०० |
| | | | सहकारी विकास कोष | १.००% | १६८,९८७.२१ |
| | | | सहकारी शिक्षा कोष | १.००% | १६८,९८७.२१ |
| | | | संरक्षित पुजी फिर्ता कोष | ३६.७९% | ६,२१७,३०९.६५ |
| | | | संस्था विकास कोष | २.००% | ३३७,९७४.४१ |
| | | | कूल रकम | १००.००% | १६,८९८,७२०.४८ |
| | | | | **कूल मूनाफा रकम** | **३२,२६४,६५१.३१** |
| *नोटः आ. ब. २०७४/०७५ को आम्दानीबाट विविध संचित कोषमा कुल रकम रू. १,४२,५३,७१६.२७ छुट्टाइएको छ ।* | | | | *यस वर्ष थप* | १४,२५३,७१६.२७ |

**संस्थाको भावी योजनाहरू :**

१. संस्थाको कार्यक्षेत्र र स्तर उन्नति बृद्धि गर्दै लैजाने ।
२. सदस्यहरूको हितमा सेवा बिस्तार गर्ने ।
३. मौलिक किसिमका बचत तथा नयाँ निक्षेप योजनाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
४. विभिन्न लगानीका श्रोतहरू पहिचान गरी लगानी प्रबर्द्धन गर्ने ।
५. समान किसिमका संस्थासँग सहकार्य बढाँउदै लैजाने ।
६. निम्न र मध्यम वर्गमा सहकारीको पहुँच पुऱ्याउने ।
७. सदस्यहरूको हितमा सदस्य सेवा काउन्टर बिस्तार गर्ने ।
८. सदस्यहरूको हितमा कुनै कम्पनी संग सहकार्य/साझेदार भई हाईड्रोपावरमा लगानी गर्ने ।
९. संस्थाको सहायक कम्पनी खोली सदस्यहरूको सहभागीतामा विभिन्न परियोजनामा लगानी गर्ने ।
१०. संस्थाको कार्यालय प्रयोजनको निमित्त घर निर्माण गर्ने ।

**संस्थागत सामाजिक दायित्व :**

संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व अनुसार सामाजिक उत्थानका लागि यस संस्थाले समाजमा सकारात्मक प्रभाव पारी विभिन्न वर्गलाई सुलभ दरमा ऋण प्रदान गरेको छ । संस्थागत सामाजिक दायित्वको क्षेत्र पहिचान गरी सोही अनुरूप कार्यक्रम अगाडी बढाउने योजना रहेको छ ।

**अन्त्यमा**

संस्थाको उत्तरोत्तर प्रगति तथा समृद्धिका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग सद्भाव तथा मार्गदर्शन दिनु भई यस संस्थालाई वर्तमान अवस्थासम्म पुऱ्याउन आ-आफ्नो क्षेत्रबाट निरन्तर सहयोग गर्नु हुने सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरू, नेपाल सरकार सहकारी विभाग नयाँ बानेश्वर, नेपाल सरकार डिभिजन सहकारी कार्यालय ललितपुर, स्थानिय वासी एवं सम्पूर्ण ललितपुर एवं काठमाण्डौं उपत्यकालाई कार्यक्षेत्र बनाई व्यवसाय सञ्चालन गर्नु भएका व्यवसायिहरू, संस्थालाई विश्वास एवं माया गरी बचत गर्नु भएका सम्पूर्ण बचत कर्ताहरू, लेखापरीक्षक, कानूनी सल्लाहकार, व्यवसायिक सल्लाहकार तथा अन्य सम्बद्ध संघ संस्था एवं सरोकारवालाहरू प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु । साथै हाम्रा आदरणीय शेयरधनी महानुभावहरूले संस्थाप्रति देखाउनु भएको अगाढ विश्वासको निम्ति हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरूमा यहाँहरूको सदाशयता र सहयोग कायमै रहने अपेक्षा गर्दछु । संस्थाको व्यवस्थापन एवं सबै तहका कर्मचारीहरूबाट संस्थाले निर्धारण गरेको लक्ष्य प्राप्तिका लागि देखाउनु भएको प्रतिबद्धता र अथक परिश्रमको सराहना गर्दै शेयरधनी महानुभावहरूको रचनात्मक सल्लाह, सुझाव र सहयोगलाई संस्थाले सदैव मार्गनिर्देशनका रूपमा लिनेछ भन्ने प्रतिबद्धता ब्यक्त गर्दै हार्दिक कृतज्ञता र आभार व्यक्त गर्दछु । अन्त्यमा सभाको छलफलको विषय सूची अनुसारका विषयहरूमा छलफल गरी पारित गर्नका लागि अनुरोध गर्दै आफ्नो मन्तव्य अन्त्य गर्दछु ।

धन्यवाद !

संचालक समितिका तर्फबाट
**लक्ष्मी नारायण अर्याल**
अध्यक्ष
मिति : २०७५ भाद्र १६ गते शनिबार

## सञ्चालक समितिका कोषाध्यक्ष श्री मदन प्रसाद ज्ञवाली ज्यूको नवौं साधारण सभाको बार्षिक आर्थिक प्रतिवेदन

आदरणीय सभाका सभा अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विभिन्न संघ संस्थाबाट पाल्नुभएका अतिथिज्यूहरू, सल्लाहकार समितिका पदाधिकारीज्यूहरू, संचालक समितिका साथीहरू, लेखा तथा सुपरिवेक्षण समितिका साथीहरू, लेखा परीक्षकज्यू, शेयरधनी महानुभावहरू, कोषाध्यक्ष एवं मेरो व्यक्तिगत तर्फबाट यस डल्फिन बहुउदेश्यीय सहकारी संस्था लिमिटेडको नवौं बार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई हार्दिक स्वागत तथा अभिवादन ब्यक्त गर्दछु ।

यहाँहरूको उपस्थितिबाट संस्थाले पाउने सुझाव, सहयोग र सद्भावले भावीकार्य योजना तथा लक्ष्य प्राप्तिमा थप टेवा पुग्नेछ भन्ने हामी सबैले विश्वास लिएका छौं ।

संस्थाको कोषाध्यक्षको नाताले संस्थाको विभिन्न कोषमा नियमअनुसार रकम बाँडफाँड गरिएको छ जुन संस्थाका अध्यक्षज्यूको प्रतिवेदन र लेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदनमा स्पष्ट पारिएको छ । संस्थाको विभिन्न कोषमा भएको रकम संस्थाको विनियमअनुरूप सुरक्षण एवं प्रयोजन गरिएको छ ।

संस्थाले आ. ब. २०७४/०७५ मा लिएको लक्ष्य एवं उपलब्धीमा गरेको उपलब्धि यहाँहरूको हातहातमा उपलव्ध नै छ । सोहीअनुसार कार्यकारी प्रमुखले आ.ब. २०७५/०७६ को लागी तयार पारी सञ्चलक समितिमा छलफलको लागी पेश गरेको आ.ब. २०७५/०७६ को निम्नानुसारको वार्षिक लक्ष्य एंव बजेट विस्तृत छलफल एवं स्वीकृत गरि अनुमोदनको लागि यस गरिमामय सधारण सभामा पेश गरेका छौं ।

### संस्थाले आ. व. २०७५/०७६ को लागि लिएको लक्ष्य एवं बजेट

संस्थाले आ. व. २०७५/०७६ को लागि निम्नानुसार लक्ष्य एवं बजेट तयार पारेको छ जसको संक्षिप्त विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | | उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|
| | | | थप | कुल | |
| १ | चुक्ता पूँजी | ५५,५८५,९००.०० | १,५००,०००.०० | ५७,०८५,९००.०० | २.७०% |
| २ | निक्षेप संकलन | ७१९,०४८,६९३.६२ | १४०,०००,०००.०० | ८५९,०४८,६९३.६२ | १९.४७% |
| ३ | कर्जा लगानी (खुद) | ६०८,७२२,९७०.१८ | १४०,०००,०००.०० | ७४८,७२२,९७०.१८ | २३.००% |
| ४ | कूल आम्दानी | ११५,३५२,४११.९६ | ३३,९२०,३७८.२८ | १४९,२७२,७९०.२४ | २९.४१% |
| ५ | कूल खर्च | ८३,०८७,७६०.४६ | २८,६३५,५९२.५७ | १११,७२३,३५३.०३ | ३४.४६% |
| ६ | खुद मुनाफा (कर अघि) | ३२,२६४,६५१.५० | ५,२८४,७८५.७१ | ३७,५४९,४३७.२१ | १६.३८% |
| ७ | डुबन्त ऋण कोष व्यवस्था | ८,५३८,१३८.९७ | १,५०१,९७७.४९ | १०,०४०,११६.४६ | १७.५९% |
| ८ | कर्मचारी बोनस व्यवस्था | २,१४५,५२२.४७ | ४८२,९३८.१३ | २,६२८,४६०.६० | २२.५१% |
| ९ | आयकर व्यवस्था | ५,७३१,१४७.९३ | ९५२,६५१.८९ | ६,६८३,७९९.८२ | १६.६२% |
| १० | खुद मुनाफा (कर पछि) | २२,६४४,८५१.५४ | ४,०९०,३४७.७६ | २६,७३५,१९९.३० | १८.०६% |
| ११ | जगेडा कोष | २३,७४४,२९६.४६ | ६,६८३,७९९.८२ | ३०,४२८,०९६.२८ | २८.१५% |
| १२ | वितरण योग्य मुनाफा | १६,८९८,७२०.४६ | ३,१५२,६७९.०१ | २०,०५१,३९९.४७ | १८.६६% |
| १३ | शेयर लाभांश कोष | १०,००५,४६२.०० | ३२१,००८.७३ | १०,३२६,४७०.७३ | ३.२१% |
| १४ | अन्य कोषहरू (सहकारी शिक्ष, विकास र संस्था विकास) | १,७५७,२२५.४४ | ८०२,०५५.९८ | २,५५९,२८१.४२ | ४५.६४% |
| १५ | सहकारी प्रर्बद्धन कोष | ८४,९१८.१९ | १००,२५७.०० | १८५,१७५.१९ | ११८.०६% |
| १६ | भवन निर्माण कोष | ६,०७०,१९४.८४ | ८,६२२,१०१.७७ | १४,६९२,२९६.६१ | १४२.०४% |
| १७ | संरक्षित पूँजी फिर्ता कोष | १२,२८७,५०४.४९ | २००,५१३.९९ | २००,५१३.९९ | १.६३% |
| १८ | विविध कोषमा कुल रकम व्यवस्था | ४६,४१२,०८३.५५ | १७,९१०,७०६.०६ | ६४,३२२,७८९.६१ | ३८.५९% |
| | | | | औषत | ३३.१२% |

## आ.ब. २०७५/०७६ को बार्षिक बजेटको ग्राफ चित्रः




## अनुमानित आम्दानी बजेट :

निम्नानुसारका शिर्षकबाट निम्नानुसारको रकम आ.ब. २०७५/०७६ मा आम्दानी हुने अनुमान गरिएको छ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | कर्जा लगानी बाट व्याज आम्दानी | १२३,५३९,२९०.०८ |
| २ | बैंक बचत बाट व्याज आम्दानी | १६,७४१,१६२.३४ |
| ३ | कर्जा सेवा र नविकरण शुल्क बाट आम्दानी | ५,१९२,३३७.८२ |
| ४ | रेमिटेन्स् बाट कमिसन आम्दानी | १,८००,०००.०० |
| ५ | अन्य आम्दानी | २,०००,०००.०० |
| | **कुल अनुमानित आम्दानी** | १४९,२७२,७९०.२४ |

### अनुमानित खर्च बजेट :

निम्नानुसारका शिर्षकमा निम्नानुसारको रकम आ.ब. २०७५/०७६ को बजेट अनुसार खर्च हुने अनुमान गरिएको छ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | ब्याज खर्च | ९६,६४२,९७८.०३ |
| २ | कर्मचारी खर्च | ७,३७०,८५०.०० |
| ३ | कार्यालय संचालन खर्च | ४,३०५,५२५.०० |
| ४ | विमा खर्च | २१०,०००.०० |
| ५ | र्ममत सम्भार खर्च | १२५,०००.०० |
| ६ | संचालक समिति बैठक खर्च | ७०२,०००.०० |
| ७ | साधारण सभा खर्च | ६००,०००.०० |
| ८ | लेखा परिक्षण खर्च | १२५,०००.०० |
| ९ | लखा समिति बैठक खर्च | १११,०००.०० |
| १० | सल्लाहकार समिति बैठक खर्च | ५८,०००.०० |
| ११ | कर्जा उपसमिति बैठक खर्च | २१०,०००.०० |
| १२ | मानव संसाधन उपसमिति बैठक खर्च | ६३,०००.०० |
| १३ | व्यवसाय प्रबर्द्धन खर्च | ३००,०००.०० |
| १४ | ह्रास कट्टी खर्च | ९००,०००.०० |
| | **कूल अनुमानित खर्च** | **१११,७२३,३५३.०३** |
| १५ | स्थिर सम्पत्ति खरिद | ५६०,०००.०० |

### अनुमानित कुल मुनाफा लक्ष्य :

आ.ब. २०७५/०७६ मा अनुमानित आम्दानी र खर्च तालिका निम्न विवरण अनुसार हुने अनुमान गरिएको छ ।

**आ.व. २०७५/०७६ को अनुमानित मूनाफा**

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | कुल अनुमानित मुनाफा | ३७,५४९,४३७.२१ |

**१. शेयर पूँजी :**

आ.ब. २०७५/०७६ मा थप र साविक सदस्यहरू समेतबाट गरी करिब रू. १५,००,०००/- थप संकलन गरी रू. ५,७०,८५,९००/- शेयर पूँजी पुऱ्याउने लक्ष्य लिएको छ ।

**२. निक्षेप संकलन :**

आ.ब. २०७५/०७६ मा विभिन्न प्रकारका बचत संकलनबाट १४,००,००,०००/- थप निक्षेप संकलन गर कूल निक्षेप रकम रू. ८५,९०४८,६९३.६२ पुऱ्याउने लक्ष्य राखिएको छ ।

**३. कर्जा लगानी :**

शेयर, बचत, साँवा/ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेतबाट आ.ब. २०७५/०७६ मा १४,००,००,०००.०० थप गरी विभिन्न उद्देश्यहरूमा कूल रू.७४,८७,२२,९७०.१८ कर्जा लगानी पुऱ्याउने उद्देश्य राखिएको छ ।

**४. कर्जा असुली :**

सम्पूर्ण लगानी गरिएका पुराना कर्जा तथा आ.ब.२०७५/०७६ मा लगानी गरिने कर्जा समेतको असुली कार्य तालिका अनुसार असुल उपर गरिने छ ।

**५. अन्य लगानी :**

यस संस्थाले मुद्धती खातामा, बैंक/बित्तिय संस्थाहरूको शेयरमा एवं व्यावसायिक प्रायोजनको लागि ब्यापार, कल कारखाना तथा उद्योग धन्दा (कपि उद्योग, प्लाष्टिक फाईल उद्योग, फर्निचर उद्योग), हाईड्रोपावर, मेटल क्राफ्ट उद्योग आवास र्निमाण, कृषि, आयात तथा निर्यात एवं मनि ट्रान्सफरमा समेत संस्थाको आर्थिक तरलतालाई ध्यानमा राखी उचित रकम लगानी गर्ने संस्थाको योजना रहेको छ ।

**६. कर्मचारीको दरबन्दी :**

आ.ब. २०७५/०७६ मा विभिन्न तह/ओहदामा रही कार्य गर्ने कुल १ देखि ३ जना सम्म सेवा प्रवाही कर्मचारीहरूको दरबन्दी रहन सक्ने छ ।

**७. अनुमानित आम्दानी :**

आ.ब. २०७५/०७६ मा कर्जा सापट, बैंक मौज्दातबाट र अन्य श्रोतबाट कूल ब्याज रू.१४,९२,७२,७९०.२४ हुने अनुमान गरिएको छ ।

**८. अनुमानित खर्च :**

आ.ब.२०७५/०७६ को लागि कर्मचारीहरूको तलब/भत्ता तथा पारिश्रमिक, प्रशासनिक र बचत तथा मुद्धतीमा ब्याज खर्च रू.११,१७,२३,३५३.०३ कूल खर्च हुने अनुमान गरिएको छ ।

**९. नाफा/नोक्सानको स्थिति :**

आ.ब. २०७५/०७६ मा उपरोक्त बमोजिम कुल आम्दानी र कुल खर्चको अन्तर कूल सञ्चालन मुनाफा रू.३,७५,४९,४३७.२१ खुद मुनाफा (कर्मचारी बोनस, आयकर र विभिन्न कोष अघि) देखिने प्रक्षेपण गरिएको छ ।

**१०. सम्पत्ति बजेट**

आ.ब. २०७५/०७६ का लागि संस्थालाई आवश्यक स्थिर सम्पति खरिद गर्न रू. ५,६०,०००/- बजेट बिनियोजन गरिएको छ ।

**११. जानकारी सम्बन्धमा**

- आ.ब. २०७४/०७५ मा डिभिजन सहकारी कार्यालय एवं अन्य अनुगमन निकायबाट संस्था अनुगमन भएको छैन ।
- संस्थाले आफ्नो भवन निर्माण गर्न ललितपुर म.न.पा वडा नं.-१०, कुपण्डोल (संस्थाको कार्यालयक नजिकै) ०-१४-३-२ क्षेत्र फल जग्गा खरिद गरेको छ ।

# नवौं वार्षिक साधारण सभा समक्ष लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक चार्टर्ड एकाउन्टेन्ट श्री सतिश चन्द्र लालद्वारा प्रस्तुत आ.व. २०७४/०७५ को लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन

आदरणीय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथि, बिशेष अतिथि, सल्लाहकार समितिका सदस्यज्यूहरू, सञ्चालक समितिका पदाधिकारी ज्यूहरू, लेखा समितिका साथीहरू, शेयर सदस्य महानुभावहरू, आगन्तुक महानुभावहरू र संस्थामा कार्यरत कर्मचारीहरू लगायत उपस्थित सबैमा लेखा समितिको तर्फबाट तथा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन ।

संस्था सञ्चालनको छोटो समयमा संस्थाले गरेको प्रगतिको सराहना गर्दछु । गत बर्षको साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरूले दिएको जिम्मेवारीलाई हृदय देखि नै मनन गरी संस्थाको आर्थिक गतिविधि नियाल्ने मौका प्राप्त भए बमोजिम संस्थाको लेखा समितिको तर्फबाट प्रतिवेदन पेश गरेको छौं ।

सहकारीको माध्यमबाट सानो–सानो पूँजीलाई संकलन गरी बित्तिय क्षेत्रमा देखिएको अभावलाई पूर्ति गर्न स्थापित यस डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट संस्थामा आर्थिक अनुशासन कायम गर्न, सञ्चालक समितिलाई दिनु पर्ने सल्लाह, सुझाव दिने र ब्यवस्थापनको काम माथिको निगरानी र गठित अन्य समिति तथा उपसमितिहरूको निर्णय पुस्तिकामा उल्लेख भए गरेका कामकारवाहीहरू यस समितिको कार्यगत बिषय रहन गएको यहाँहरू समक्ष निवेदन गर्दछु ।

संस्थाको आन्तरिक लेखापरीक्षण गरी स्पष्ट ढंगबाट प्रतिवेदन दिएर बाह्य लेखापरीक्षणलाई सहयोग गर्नु पनि लेखा समितिको काम कर्तव्य भएका कारण सोही काममा यस समितिले ध्यान दिएको कुरा पनि यस सम्मानित सभामा जानकारी गराउँदछु ।

संस्थामा लेखा समितिको तर्फबाट अनौपचारिक रूपमा पनि बिभिन्न बैठकहरूमा सहभागी भई आवश्यक सुझावहरू प्रदान गरेको जानकारीका लागि अनुरोध गर्दछु ।

१. यस आ.ब. २०७४/०७५ मा बसेको समिति तथा उपसमितिका बैठकहरूः
   - क) सञ्चालक समितिको १४ वटा बैठक बसेको छ ।
   - ख) लेखा तथा सुपरिव्यक्षण समितिको ५ वटा बैठक बसेको छ ।
   - ग) कर्जा उप समितिको ८ वटा बैठक बसेको छ ।
   - ग) मानव सम्साधन उप समितिको १ वटा बैठक बसेको छ ।

२. साधारण सभाले दिएको सुझबलाई हर सम्भव कायिन्वयन गरेको पाइन्छ ।

३. आ.ब.२०७३/०७४ र २०७४/०७५ को प्रतिवेदन तुलना गर्दा प्रगति उन्मुख देखिन्छ ।

४. संस्थाको कारोवारमा औल्याउन पर्ने कमजोर पक्षहरू देखिदैन ।

५. सहकारी सिद्धान्त, ऐन, विनियम एवं संस्थाका विनियम अनुसार संस्थाको कामकार्वाही भए गरेको पाइयो ।

६. कर्मचारी व्यवस्थापन सवल रहेको पाईन्छ ।

७. संचालन प्रणाली नियम संगत र व्यवस्थीत रहेको छ ।

८. सहकारी कार्यालय वा अन्य निकायबाट आ.ब.२०७४/०७५ मा कुनै अनुगमन भएको छैन ।

९. संस्था संचालनमा व्यवस्थापन पक्षको समग्र मूल्यांकनः प्रभावकारिता, दक्षता, क्रियाशीलता, कर्मचारीको मनोवलको अवस्था, व्यवसायिकता आदिको मूल्याङ्कन गर्दा संस्था सवल एवं सक्षम रहेको पाईयो ।

१०. आ.ब. २०७४/०७५ मा संस्थाको आठौं साधारणसभाले स्वीकृत गरेको वार्षिक बजेट सिमाभित्र रहेर कार्य गरेको पाईयो ।

११. यस अवधिमा संस्थाका सञ्चालक समितिका पदाधिकारीहरू, व्यवस्थापन पक्षबाट आर्थिक नियम तथा मापदण्ड विपरितका कामहरू गरेको पाईएन ।

संस्थाको लेखा कम्प्युटराईज्ड रूपमा राखिएको छ । जसका कारण आवश्यकता बमोजिमको विवरण प्राप्त भई सबैलाई सजिलो महशुस भएको छ ।

संस्थाको कर्जा उप-समितिको निर्णयलाई सञ्चालक समितिको बैठकबाट अनुमोदन गर्ने गरेको देखिन्छ । संस्थाको वेव साईट चालू छ । जसका कारण आवश्यक सूचनाहरू वेव साईटबाट पनि प्राप्त गर्न सकिने छ । कार्यरत कर्मचारीहरूको क्षमता बृद्धिका लागि आवश्यक ठानिएका कर्मचारीहरूलाई तालिम दिने परिपाटीको बिकास भएको छ । संस्थाको आर्थिक स्थितिमा विगत वर्ष कारोबारमा बृद्धि तथा मुनाफामा बृद्धि भई संचालक समिति समक्ष पेश गरेको अनुमानित लक्ष्य शत प्रतिशत पुगेकोमा व्यवस्थापन पक्षलाई धन्यबाद नदिई रहन सकिदैन । संस्थामा संलग्न सबैलाई सहयोगीको रूपमा प्रस्तुत भई, फलेको बृक्षको हाँगो नभ्रुकेको कहाँ छ र ? भन्ने मूल मान्यतालाई अँगिकार गर्दै अझ आफूमा सरल र मित्रवत व्यवहार प्रस्तुत गरी सबै शेयरधनीहरू सामू अझ विश्वास जित्न अनुरोध गर्दछु ।

अन्तमा यो प्रतिवेदन तयार पार्न सहयोग गर्ने यस समितिका मेरा समकक्षी साथीहरू श्री बाल मुकुन्द विष्ट र श्री तुलसी प्रसाद अर्याललाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै नजिकिदै गरेको विजया दशमी, शुभ दिपावली तथा छठ पर्वको पावन अवसरमा यहाँहरूको अझ सुख, शान्ति, प्रगति र एकताको कामना गर्दछु ।

धन्यवाद । जय सहकारी ।

# सञ्चालक सचिव एवं प्रमुख कार्यकारी अधिकृत श्री झलक अर्याल (सुशिल) द्वारा नवौं साधारण सभामा प्रस्तुत आर्थिक प्रतिवेदन

आदरणीय यस गरिमामय सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सल्लाहकार समितिका पदाधिकारीज्यूहरू, संचालक समितिका पदाधिकारीज्यूहरू, लेखा तथा सुपरिवेक्षण समितिका पदाधिकारीज्यूहरू, लेखा परीक्षकज्यू, उपस्थित शेरधनी सदस्य महानुभावहरू एवं उपस्थित सम्पूर्ण सज्जनवृन्द महानुभावहरू तथा कर्मचारी साथिहरू ।

यस गरिमामय साधारणसभा मार्फत सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरू समक्ष कार्यकारी प्रमुखको तर्फबाट संक्षिप्त प्रतिवेदन पेश गर्न पाउँदा आफैमा गौरवको अनुभुति गर्दै उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरू प्रति हृदयदेखी सहकारी अभिवादन टक्रयाउन चाहान्छु ।

संस्थाको स्थापना विभिन्न क्षेत्रका प्राज्ञिक व्यक्तित्वहरूको अथक प्रयासबाट वि.सं. २०६६ साल फाल्गुण २३ गतेका दिन दर्ता भई २०६७ साल जेष्ठ ५ गतेका दिन विधिवत स्थापना गरी सहकारी सिद्धान्तको मूल्य, मान्यतालाई अनुशरण गर्दै आज नवौं साधारण सभा सम्पन्न हुन गइरहेको छ ।

यसै अवसरमा संस्थाको कार्यकारी प्रमुखको हैसीयतले संक्षिप्त प्रतिवेदन यहाँहरू समक्ष पेश गर्न चाहन्छु । मिति २०७५ साल आषाढ मसान्त सम्म कूल सदस्य संख्या १९८८ जना सदस्यहरू बाट कूल चुक्ता शेयर पूँजी रू. ५,५५,८५,९००.०० कूल बचत संकलन रू. ७१,९०,४८,६९३.६२ भएको छ ।

कर्जा लगानी तर्फ कूल ३९२ जना सदस्यलाई विविध शिर्षकमा कूल कर्जा रकम रू. ६०,८७,२२,९७०.१८ कर्जा लगानी गरिएको छ । उक्त लगानीमा शंकास्पद र खराव भनि छुट्टाईएको कूल कर्जा रकम रू. २४,८३,३६०.१६ सफा टेम्पोको भएको मध्य हाल केही कर्जा चुक्ता हुने क्रममा रहेका छन् । विगत लामो समय देखी खराव कर्जामा रहेको कर्जा रकम रू. १,१४,०००.०० यस वर्ष सम्मानीत अदालतमार्फत चुक्ता भएको जानकारी गराउँदछु । संस्थाले आ.ब. २०७४/०७५मा खूद मुनाफा (कर अघि) रू. ३,२२,६४,६५१.५० गरेको छ ।

खुद मूनाफा बाट कर अघिका विविध कोषमा आवश्यक रकम विनियोजन गरि कूल रकम रू. ५७,३१,१४७.९३ लाभ कर छुट्टाईएको छ भने कूल शेयर पूँजीको १८% शेयर लाभांश छुट्टाई यस बर्ष विविध बचत कोषमा कूल रकम रू. १,४२,५३,७१६.२७ सारिएको छ । संस्थाको हाल सम्म विविध बचत कोषमा कूल रकम रू. ४,६४,१२०८३.५५ बचत (Reserve) रहेको छ । संस्था सुरू देखी हाल सम्मको अवस्था र विवरण बार्षिक प्रतिवेदनमा सरल तरिकाले प्रस्तुत गरिएको छ ।

संस्थाले लिएको लक्ष्य र उपलब्धीको अवलोकन गर्दा लक्ष्य शत प्रतिशत हासिल गरेको विवरण यहाँहरू समक्ष पेश गर्न पाउदा अझ बढि उत्साह र हौंसला मिलेको छ ।

**संस्थाले राजश्वमा गरेको योगदानः**

संस्थाले आ.ब. २०७४/०७५ मा निम्नानुसार राजश्व दाखिला (तिरेको) छ ।

| आ.ब. | आम्दानी कर | व्याज बापतको कर | पारिश्रमिक र सामाजीक सुरक्षा कर | लाभांश कर | घरबहाल र TDS कर | कूल कर |
|---|---|---|---|---|---|---|
| २०७४/०७५ | ५७,३१,१४७.९३ | ३६,५३,४९२.६२ | २,८७,६४८.१६ | ३,९१,४२०.७२ | २,१९,७९९.०७ | १,०२,८३,५०८.५० |

**संस्थागत आचरसंहिताः**

संस्थाले संचालक समितिका सबै सदस्यहरू, व्यवस्थापन टोली र सबै तहका कर्मचारीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने आचारसंहिताको तर्जुमा गरी कार्यान्वयन गरेको छ । संस्थाले तर्जुमा गरेका आचारसंहिता सुशासन ऐनको भावना तथा संस्थागत सुशासन सम्बन्धी नेपाल सरकार सहकारी विभागले जारी गरेको निर्देशन अनुकूल रहेको छ ।

**आन्तरिक नियन्त्रण प्रणालीः**

संस्थाले सुरक्षित र स्वच्छ तवरले संस्था संचालन हूनसकोस भन्ने कुरालाई सुनिश्चित गर्न स्वतन्त्र रूपमा कार्य गर्न सक्ने गरी आन्तरिक एवं बाह्य लेखा परिक्षण प्रणाली तथा संरचना लागू गरेको छ । आन्तरिक लेखापरिक्षक सोझैं संस्थाको लेखापरिक्षण समितिको मातहतमा रहेको छ । निजबाट नेपाल सरकार सहकारी विभागको विभिन्न निर्देशन पालना भए नभएको निगरानी राख्ने समेतको जिम्मेवारी हुनेगरेको छ । संस्थाको लेखा तथा सुपरिवेक्षण समितिले संस्थाको वित्तिय अवस्थाको आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तिता पुनरावलोकन गर्नुका साथै आन्तरिक लेखा परीक्षण प्रतिवेदनबाट प्राप्त सुझाबको आधारमा आवश्यक निर्देशन जारी गर्ने गर्दछ । संस्थाले लगानी गरेको कर्जामा थोरैपनि जोखिम देखे नियम अनुसार जोखिम व्यवस्थापन (Provision) गर्ने गरेको छ ।

**जोखिम ब्यवस्थापनः**

जोखिम न्यूनीकरण एवं नियन्त्रणका लागि संस्थामा एउटा स्वतन्त्र जोखिम अनुगमन संरचना विद्यमान रहेको छ । यस व्यवसायमा जहिले पनि जोखिम र प्रतिफल विच टकराव हुने गर्दछ । जोखिम र प्रतिफल विचको उत्कृष्ट सन्तुलन नै संस्थाको निरन्तरता र समृद्धि सुनिश्चित गर्दछ ।

**सम्पत्ति र दायित्व व्यवस्थापनः**

सम्पत्ति तथा दायित्व समुचित व्यवस्थापन लाई सुनिश्चित गर्न संस्था सक्षम रहेको छ । संस्थाले समयमै सम्पत्ति तथा दायित्व व्यवस्थापनको अवस्था पुनरावलोकन गर्ने गरेको छ । बजार जोखिमको प्रभावकारी व्यवस्थापनकालागि तरलता र सम्पति तथा दायित्व व्यवस्थापन सम्बन्धी विस्तृत प्रणाली लागु गरिएको छ । तरलता तथा ब्याजदर सम्बन्धी जोखिमलाई स्टूक्चरल लिक्विडिटी रिर्पोट (SLR) को माध्यमबाट मापन गर्ने गरिन्छ । १ दिन देखि ९० दिन सम्मको समय अन्तरालमा तरलता अवस्थाको नियमित रूपमा अनुगमन गर्ने गरिएको छ ।

